आज मिति २०८२/०५/११ गते बुधबारका दिन यस षडानन्द नगरपालिका, दिङ्गला, भोजपुरका नगर प्रमुख श्री सुरेन्द्र कुमार उदासज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको पहिलो बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सुरेन्द्र कुमार उदास | नगर प्रमुख | |
| २. | श्री प्रमिला राई | नगर उप-प्रमुख | |
| ३. | श्री मोहन प्रसाद चापागाईं | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री ढाकमान राई | नगर कार्यपालिका सदस्य | |
| ५. | श्री विष्णु प्रसाद घिमिरे | नगर कार्यपालिका सदस्य | |
| ६. | श्री साङ्ग देम्बा राई | नगर कार्यपालिका सदस्य | |
| ७. | श्री राज कुमार तामाङ्ग | नगर कार्यपालिका सदस्य | |
| ८. | श्री टेक बहादुर जि.सी. | नगर कार्यपालिका सदस्य | |
| ९. | श्री सुमन विसुन्के | नगर कार्यपालिका सदस्य | |
| १०. | श्री दिपेश विष्ट | नगर कार्यपालिका सदस्य | |
| ११. | श्री हेम कुमार श्रेष्ठ | का.वा. वडाअध्यक्ष | |
| १२. | श्री डिमा शेर्पा | नगर कार्यपालिका सदस्य | |
| १३. | श्री पेम दोर्ची शेर्पा | नगर कार्यपालिका सदस्य | |
| १४. | श्री भूपाल कुमार कार्की | नगर कार्यपालिका सदस्य | |
| १५. | श्री राजेश कटुवाल | नगर कार्यपालिका सदस्य | |
| १६. | श्री पदम बहादुर तामाङ्ग | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री झंक बहादुर रोका | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री मन्दिप रसाइली | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री रेखमान राई | नगर कार्यपालिका सदस्य | |
| २०. | श्री अरुणा थुलुङ्ग राई | नगर कार्यपालिका सदस्य | |
| २१. | श्री लिला कला राई | नगर कार्यपालिका सदस्य | |
| २२. | श्री अमृता राई | नगर कार्यपालिका सदस्य | |
| २३. | श्री लमु शेर्पा | नगर कार्यपालिका सदस्य | |
| २४. | श्री रुद्रमाया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| २५. | श्री मोतिराम ज्ञवाली | आ.ले.प. अधिकृत (ईटी) | |
| २६. | श्री रामसागर यादव | लेखा अधिकृत (ईटी) | |
| २७. | श्री डम्बर कुमार लिम्बु | IT Officer | |
| २८ | श्री केशव प्रसाद गुराँगाई | प्रशासन प्रमुख | |
| २९ | श्री सन्तोष राई | कम्प्युटर अपरेटर | |
| ३० | श्री रञ्जना कुमारी सिंह | क.ले.पा. | |

प्रस्तावनाहरु:

१. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा ।
२. दिङ्ला नगर अस्पताल सञ्चालन अनुदान सम्बन्धमा ।
३. दिङ्ला नगर अस्पतालका चिकित्सकको पारिश्रमिक सम्बन्धमा ।
४. स्थानीय शिक्षा ऐन, दफा १६ को उपदफा ८ वमोजिमको सदस्य मनोनय सम्बन्धमा ।
५. ठेक्का म्याद थप सम्बन्धमा ।
६. महगी भत्ता सम्बन्धमा । (सर्वोच्च अदालतको परमादेश)
७. रेविज भ्याक्सिनको केन्द्र स्थापना सम्बन्धमा । (प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन विभागमा माग गर्ने)
८. राजश्व सम्बन्धमा (निकासी शुल्क र दहत्तर बहत्तर नगर प्रहरी परिचालन गरी उठाउने)
९. फोहोर मैला शुल्क उठाउने जिम्मा नगर प्रहरीलाई दिने सम्बन्धमा ।
१०. जिल्ला दररेट सम्बन्धमा (मोरङ र भोजपुरलाई आधार मान्ने)
११. वडा नं. २ को बाढी पहिरो सम्बन्धमा ।
१२. विविध विषयमा ।
    क. एम्बुलेन्स सम्बन्धमा;
    ख. खरिद नियमावली तथा खरिद योजना बनाउने सम्बन्धमा;
    ग. बेरोजगार सुचीकृत गर्ने सम्बन्धमा;
    घ. सङ्गठन संरचना दर्ता गर्ने सम्बन्धमा;
    ङ. कर्मचारी सरुवा सहमति दिने सम्बन्धमा

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस षडानन्द नगरपालिका क्षेत्रभित्रका जग्गाहरु भू-उपयोग क्षेत्रमा वर्गीकरण कार्यका लागि सम्बन्धित कन्सल्टेन्ट र नापी कार्यालय सँग समन्वय गरी १४ वटै वडा कार्यालयमा निवेदन पेश गर्ने गरी पन्ध्र (१५) दिने समयको निवेदन दर्ता गर्ने गरी भू-उपयोग अन्तर्गत सबै जग्गा धनीहरुलाई कित्ता अनुसार वर्गीकरण गर्न कृषि, आवसीय क्षेत्र, व्यापारिक क्षेत्र, औद्योगिक क्षेत्र कुन वर्गमा राख्न चाहेको हो सार्वजनिक सूचना जारी गरी सबै वडाहरुमा पत्राचार गर्ने ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा दिङ्ला नगर अस्पताल सञ्चालन अनुदान सम्बन्धमा छलफल गर्दा यस षडानन्द नगरपालिकामा दिङ्ला नगर अस्पताल सञ्चालन भैसकेको र नगरपालिकाको आन्तरिक श्रोत ज्यादै न्यून भएको हुँदा अनुदान रकम बिना अस्पताल संचालन गर्न नसकिने भएकाले प्रदेश सरकार अन्तर्गत स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश विराटनगर र संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, काठमाडौंमा नगर अस्पताल संचालन अनुदान रकम माग गर्ने ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा षडानन्द नगरपालिकाद्वारा सञ्चालित दिङ्ला नगर अस्पताल भौगोलिक हिसाबले दुर्गम भएकाले चिकित्सकहरु नबसी स्वास्थ्य सेवा र उपचारमा समस्या आएकाले उक्त अस्पतालमा कार्यरत चिकित्सक (डाक्टर) लाई सुरु तलब स्केलको पचहत्तर प्रतिशत (७५%) थप तलब सुविधा उपलब्ध गराउने ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगर शिक्षा समितिलाई पूर्णता दिनका लागि संस्थागत विद्यालयहरु मध्येबाट एक (१) जना प्रतिनिधि सदस्य हुने व्यवस्था अनुसार षडानन्द नगरपालिका वडा नं ७ मा रहेको न्यु समिट बोर्डिङ्ग स्कुल, दिङ्लाबाट एक जना शिक्षक प्रतिनिधि छनौट गरी पठाउन पत्राचार गर्ने ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस कार्यालयबाट संचालित क्रमागत योजनाहरु कार्य सम्पन्न हुन नसकेका ठेक्काहरुको म्याद समाप्त भएको मिति बाट लागु हुने गरी तपशिल बमोजिमको आयोजनाहरुको ठेक्काको म्याद थप गर्ने निर्णय गरियो।

तपशिलः-

| सि.न. | ठेक्का नं. | योजनाको नाम | म्याद थप भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १. | SM/NCB/W/09/2079/80 | Construction of Administrative Building of Shadananda Municipality | २०८३।०१।३० | |
| २. | SM/NCB/W/03/2080/81 | Upgrading of Udaypur Baluwabesi Road, Chiuribote Ghumanue Chautra Road | २०८२।०९।३० | अन्तिम पटकको लागि |
| ३. | SM/NCB/W/01/2081/82 | बोया स्वास्थ्य चौकी भवन निर्माण पूर्णता षडानन्द १४- | २०८२।०९।३० | |
| ४. | SM/NCB/W/82/2081/08 | Upgrading of Udaypur baluwabesi Road, chiurubote ghumaune chautara Road (Salma to Ghaumaune Chautara Section and Bhagwati Ma.Vi. To Pawi Maya House section) | २०८२।०९।३० | |
| ५. | SM/NCB/W/82/2081/09 | Complection works of Shadananda Sabha Hall (Painting, Decorative, Approach Road etc.) | २०८२।०९।३० | |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा करारका कर्मचारीहरुलाई महङ्गी भत्ता उपलब्ध गराउन आ. व. २०८२/०८३ लागि नगर सभा भई सकेको र अदालतको आदेश नगरसभा पछि प्राप्त भएकाले यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई रु. २,०००।– का दरले महंगी भत्ता उपलब्ध गराउने ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस षडानन्द नगरपालिकामा रेविज सम्बन्धी समस्या भएकोले सो को लागि भ्याक्सिन लिन जान खाँदबारी वा भोजपुर जानु पर्ने बाध्यता भएकाले यस नगरपालिकामा रेविज भ्याक्सिनको केन्द्र स्थापना गर्न प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन विभागमा माग गर्ने ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा षडानन्द नगरपालिकाको निकासी कर र दहत्तर बहत्तर शुल्क उठाउन ठेक्का आह्वान गरि सकिएको छ, ठेक्का नलागेमा कानून बमोजिम सदाझै आ.व. २०८२/०८३ को दहत्तर बहत्तर शुल्क तथा अन्य करहरु नगर प्रहरी परिचालन गरी उठाउने ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा षडानन्द नगरपालिकाको दिङ्ला बजारको फोहोर मैला शुल्क उठाउन ठेक्का आह्वान गरिएकोमा ठेक्का नलागेको हुँदा आ.व. २०८२/०८३ को फोहोर मैला शुल्क नगर प्रहरी परिचालन गरी उठाउने ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस षडानन्द नगरपालिकाको आ. व. २०८२।२०८३ मा संञ्चालित योजनाहरुको लागि भोजपुर र मोरङ जिल्लाको दररेटलाई आधार मानी दररेट स्वीकृत गर्ने र वडा नं. २, ३, ९, १३ र १४ तोकिएका घाटहरुबाट सम्बन्धित वडा कार्यालयको केन्द्र सम्मको दुरीमा १० कि. मि. भन्दा बढी दुरी आएमा जिल्ला दररेट अनुसार थप ढुवानी रकम उपलब्ध गराउने ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा वर्खायाममा बाढी पहिरोबाट क्षति भएका सिँचाई कुलो तथा सडकहरुको क्षतिको प्राविधिक लागत अनुमान तयार गर्ने र स्थलगत प्रहरी मुचुल्का गरी नगरपालिकाको कार्यालयमा पेश गर्न वडा कार्यालयमा पत्राचार गर्ने ।

१२. विविध

प्रस्ताव नं १२ विविध (क) माथि छलफल गर्दा षडानन्द नगरपालिकाको अरुण तेस्रो आयोजनाको हाइटेन्सन लाइन प्रभावित क्षेत्रका जनतालाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउने उद्देश्यले वडा नं १० को साङपाङ स्वास्थ्य चौकीमा रहने गरी वडा नं १०, ११, १२, १३ र १४ अरुण तेस्रो परियोजनाका प्रभावित जनतालाई सेवा दिन भारतीय दुतावास सँग एक थान एम्बुलेन्स माग गर्ने ।

प्रस्ताव नं १२ विविध (ख) माथि छलफल गर्दा षडानन्द नगरपालिकाको सार्वजनिक खरिद ऐन र खरिद नियमावली निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने ।

प्रस्ताव नं १२ विविध (ग) माथि छलफल गर्दा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ का लागि बेरोजगार फाराम भरेका ११३५ (एक हजार एक सय पैतीस) जना बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्ट गरिएकोमा प्राथमिकिरण गरी श्रममूलक सामुदायिक विकास निर्माणका कार्यमा रोजगारी दिने तथा आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलापमा संलग्न गराउने ।

प्रस्ताव नं १२ विविध (घ) माथि छलफल गर्दा षडानन्द नगरपालिकाको मिति २०८२ असार १० गतेको एघारौं नगरसभाबाट षडानन्द नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण पारित भएको हुँदा प्रस्तावित सङ्गठन संरचना एवम् दरबन्दी पद दर्ताका लागि कोशी प्रदेश निजामती किताबखानामा पठाउने ।

प्रस्ताव नं १२ विविध (ङ) माथि छलफल गर्दा षडानन्द नगरपालिकामा प्रशासन सेवा, सामान्य प्रशासन समूहमा स्थायी नियुक्ती भई कार्यरत कर्मचारी सहायकस्तर चौथो तहको श्री भीमराज खत्रीलाई अन्तर स्थानीय तह अन्तर्गत साल्पासिलिछो गाँउपालिकामा स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन को दफा २४ को उपदफा ४ बमोजिम सरुवा भई जान सरुवा सहमती दिने ।